# शिवालय गाउँपालिका
Shivaalaya Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिमा, जाजरकोट
Sima,Jajarkot

कर्णाली प्रदेश, नेपाल
karnali province, nepal


पत्र संख्या Reference No. : २०८१।८२ कर्मचारी प्रशासन शाखा
चलानी नम्बर Dispatch No. .

---

कार्यक्रम प्रस्तावना आव्हान सम्बन्धी सूचना।
(प्रथम पटक प्रकाशित मितिः २०८१।०९।०४)

यस कार्यालयको चालु आ.व. २०८१।८२ को वार्षिक बजेट तथा कार्यक्रम अनुसार यस गाउँपालिकामा टोल विकास संस्था गठन र परिचालन गर्ने कार्यक्रम स्वीकृत भएको जानकारी गराइन्छ। उक्त कार्यक्रम कार्यान्वयन गर्नको लागि प्रचलित कानून बमोजिम दर्ता भएका स्थानीय गैर सरकारी संस्थाहरुलाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिनको कार्यालय समय भित्र तपशिलमा उल्लेखित कागजातहरु सहित यस कार्यालयले तोकेको कार्यक्षेत्रगत शर्त (कार्यक्षेत्रगत शर्त शिवालय गाउँपालिकाको Wesite www.shibalayamun.gov.np बाट Download गर्न सकिनेछ) अनुसारको कार्यक्रम प्रस्तावना पेश गर्न हुन सार्वजनिक खरिद नियामवली, २०६४ (तेह्रौं संशोधन) को नियम ९९ को उपनियम (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

रामु ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरुः
१. संस्था दर्ताको प्रमाण पत्र र समाज कल्याण परिषद् आवद्ध प्रमाण पत्रको प्रतिलिपि,
२. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्ध कर दर्ता प्रमाण पत्रको प्रतिलिपि,
३. आ.व. २०८०।८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
४. संस्थाको विगत ३ वर्षको लेखा परीक्षणं प्रतिवेदनको प्रतिलिपि,
५. कार्य अनुभवः संस्थाले सामाजिक परिचालनको क्षेत्रमा काम गरेको भए सो खुल्ने आवश्यक कागजातहरु,
६. कार्यक्रममा संलग्न हुने जनशक्तिहरुको वैयक्तिक विवरण (C.V.) ।



Scanned with CamScanner

## कार्यक्षेत्रगत शर्त

शिवालय गाउँपालिकाको आ.व. २०८१।८२ को वार्षिक बजेट तथा कार्यक्रम अनुसार टोल विकास संस्था गठन तथा परिचालन कार्यक्रम कार्यान्वयन गर्नको लागि स्थानीय गैर सरकारी संस्था परिचालनको लागि देहाय बमोजिम कार्यक्षेत्रगत शर्तहरु स्वीकृत गरिएको छ।

**कार्यक्षेत्रगत शर्तहरुः**

**(क) कामको आवश्यकताः** स्थानीय विकास प्रक्रियामा टोल तथा बस्ती स्तरबाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, सौस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न निश्चत भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा वडा कार्यालयको सहयोगीको रुपमा काम गर्ने गरी टोल विकास संस्थाको गठन र परिचालनका लागि आवश्यक छ।

**(ख) कामको किसिमः** सामुदायिक परिचालन

**(ग) समयावधिः** २०८१ पौष १५ गतेदेखि २०८२अषाढ मसान्तसम्म

**(घ) कामको गुणस्तरः** टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८१ ले निर्धारण गरेका लक्ष्य उद्देश्य हासिल गर्नु पर्ने।

**(ङ) जनशक्तिः** कार्यक्रम व्यवस्थापक आंशिक एक जना, लेखा सहायक आंशिक एक जना र सामुदायिक परिचालक पुर्णकालिन एक जना वा आंशिक तीन जना।

**(च)बजेटः** वार्षिक रु. ५०००००। (अक्षेरुपी पाँच लाख मात्र)।

**(छ) गैर सरकारी संस्थाको कार्य जिम्मेवारीः**

१) गाउँपालिका स्तरमा टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८१ को अनुशिक्षण कार्यक्रमको व्यवस्थापन गर्ने।

२) गाउँपालिकाले तोकेका वडाहरुको सामाजिक आर्थिक भौगोलिक विश्लेषण गरी टोल बस्तीको संख्या निर्धारण गरी वडा कार्यालयमा पेश गर्ने।

३) वडा कार्यालयको निर्देशन र समन्वयमा पहिचान भएका टोल बस्तीमा टोल विकास संस्था गठन गरी टोल विकास संस्थाको काम कर्तव्य र अधिकारीको विषयमा अनुशिक्षण गर्ने।

४) गठन भएका टोल विकास संस्थाको विधान तयारीमा आवश्यक सहयोग गर्ने।

५) कार्यक्रमको त्रैमासिक रुपमा प्रगति प्रतिवेदन तयारी गरी वडा कार्यालयको सिफारिश सहित गाउँपालिकामा प्रतिवेदन पेश गर्ने।

६) गठन भई दर्ता भएका टोल विकास संस्थाको स्थायी लेखा नम्बर उपलब्ध गराउन आवश्यक सहजीकरण गर्ने।

८) टोल विकास संस्थाहरुमा विभिन्न सवालहरुमा छलफल गर्न र निर्णय प्रक्रियामा आवश्यक सहयोग गर्ने।

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमा जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner